# तानसेन नगरपालिका

(आ.व. २०८०/०८१)

तानसेन नगर कार्यपालिकाको कार्यालय
मिति २०८०।०३।०१
दर्ता नं. १३-०२

नगरसभामा पेश गर्न स्वीकृत गरियो
नगर प्रमुख

# बजेट वक्तव्य

एवम्

(योजना तथा कार्यक्रम)

<u>प्रस्तुतकर्ता</u>

प्रतिक्षा गाहा सिंजाली
उप-प्रमुख

२०८० असार १० गते

सभाका अध्यक्षज्यू तथा सम्पूर्ण सदस्यज्यूहरु,

तानसेन नगरपालिकाको तेह्रौ नगरसभामा आर्थिक वर्ष २०८०/०८१ को बजेट प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ । गत वर्ष निर्वाचित भएको लगत्तै बजेट पारित गर्नु पर्दा कतिपय महत्वपूर्ण विषयबस्तुलाई बजेटमा समेट्न नसकिएको परिस्थितिलाई महशुस गर्दै, यस वर्ष हामीले हांसिल गरेको केही अनुभव, ज्ञान, शीपको सहायताबाट आगामी वर्षको बजेटलाई परिष्कृत बनाउन खोजेका छौं ।

नगरसभामा पेश गरिएको यो बजेटलाई सामान्य र विशिष्ट गरी २ वटा आयामबाट प्रस्तुति गरिएको छ । प्रचलित कानून बमोजिम निर्दिष्ट विधि, पद्धति, ढाँचा र समयतालिका एवम् बजेटको सर्वमान्य सिद्धान्तलाई अबलम्बन गरेर अन्य आम स्थानीय पालिका झैं निर्माण गरिनु बजेटको सामान्य स्वरुप हो । तर तानसेनको विशिष्ट भूगोल, जनजीवन, विविधायुक्त संस्कृतिसंग जोडिएका आर्थिक तथा सामाजिक पक्षलाई केन्द्रबिन्दुमा राखेर बजेट निर्माण गर्ने प्रयास गरिएको छ, जो यसको विशिष्ट पक्ष हो ।

तानसेन नगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि १ अरव २ करोड ८ लाख ६४ हजार ३ सय ६७ रुपैया बराबरको बजेट प्रस्ताव गरेको छ । यो बजेट आ.व. २०७९/०८० को बजेटको कुल आकार भन्दा सानो छ । गत वर्षको कुल बजेटमा सामाजिक सुरक्षा अन्तर्गत २० करोड रुपैंया आय र व्यय दुबै तर्फ समावेश गरिएकोले बजेटको आकार तुलनात्मक रुपमा ठूलो देखिएको थियो । सिद्धान्त: सामाजिक सुरक्षा कार्यक्रम, नगरपालिकाको प्रत्यक्ष योगदानमा नहुने हुँदा बजेटमा समावेश गर्नु नपर्ने भएकाले यसपटकबाट सामाजिक सुरक्षा कार्यक्रम समावेश गरेका छैनौं । तथापि संघबाट प्राप्त हुने सामाजिक सुरक्षा भत्ता वितरण तथा अन्य व्यवस्थापन प्रक्रियामा हामी विगतमा झैं जिम्मेवार हुने नै छौं ।

रु. १ अरव २ करोड ८ लाख ६४ हजार ३ सय ६७ रुपैया को प्रस्तावित बजेटलाई चालु तर्फ रु. ५६ करोड १४ लाख २५ हजार अर्थात ५४.६१ प्रतिशत र पूँजिगत तर्फ ४६ रु. करोड ६६ लाख ३९ हजार ३६७ अर्थात ४५.३९ प्रतिशतमा बाँडफाँड गरिएको छ ।

चालु तर्फ मुलत: कार्यालय संचालन तथा प्रशासनिक खर्च, वित्तिय व्यवस्था, प्रर्बद्धनात्मक कार्यक्रमको अधिकांश कार्यक्रम, संघ र प्रदेश लगायतबाट प्राप्त चालु खर्च तर्फका शिर्षकहरु समावेश छन् । यसैगरी नगरस्तरीय कार्यक्रम, समपुरक कोषबाट संचालित योजना, गत आ.व.मा सम्झौता भई सरी आएका योजना, वडास्तरीय योजनाका अधिकाशं योजनाहरु पूँजिगत प्रकृतिका छन् । संघ, प्रदेश र अन्य निकायबाट प्राप्त शर्त सहित प्राप्त पूँजिगत योजना तथा कार्यकमहरु पनि यस बजेटको महत्वपूर्ण पक्षहरु हुन् ।

संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान र राजश्व बाँडफाँड शिर्षकका अनुदानहरु विगतको तुलनामा घटेका छन् । समग्र मुलुकको अर्थव्यवस्था कमजोर भएको समयमा उपल्ला सरकारबाट धेरै अपेक्षा गर्नु उचित हुदैन । अत: संघ र प्रदेशबाट प्राप्त स्रोतको उच्चतम् परिचालन गर्दै जनसरोकारका दृष्टिकोणले अति प्राथमिकतामा रहेका योजना तथा कार्यकमहरु ध्यान केन्द्रित रहनु यस बजेटको प्रमुख रणनीति हुनेछ ।

विगतको वर्षको तुलनामा आगामी आ.व. २०८०/०८१ मा कार्यालय संचालन तथा प्रशासनिक खर्चलाई उल्लेख्य रुपमा मितव्ययी बनाइएको छ, सो अनुरुप रु ११ करोडमा सिमित गरिएको छ । वास्तवमा हाम्रो लक्ष्य केही वर्ष भित्रै ता.न.पा.को आन्तरिक आम्दानीले यस पालिकाको कार्यालय

संचालन तथा प्रशासनिक खर्चलाई धान्न सकोस् र अन्य स्रोतहरु जस्तै संघ र प्रदेशबाट प्राप्त हुने समानिकरण अनुदान, राजश्व बाँडफाँड र सशर्त अनुदानहरु सबै विकास निर्माणमा परिचालन गर्न सकियोस् । हामी निर्वाचित भए पछि राजश्व असुलीमा प्रभावकारी कदम चालेकै कारण चालु आ.व. २०७९/०८० मा करिव रु ७ करोड राजश्व संकलन हुने निश्चित प्राय: छ । उक्त राजश्व तानसेन नगरपालिकाको इतिहासमा हाल सम्मकै उच्च रकम हो । राजश्वको दर र दायरामा भएको पुनरावलोकनको आधारमा आगामी आ.व. २०८०/०८१ मा आन्तरिक राजश्व ९ करोड संकलन हुने अपेक्षा लिइएको छ ।

आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट प्रस्तुत गरिरहँदा चालु आ.व. २०७९/०८० को बजेटको हाल सम्मको संक्षिप्त समिक्षा गर्नु बान्छनिय हुन्छ । बाह्रौ नगर सभाबाट संसोधित बजेट रु १ अरव २७ करोड ५६ लाख ४८ हजार २७ मध्ये २०८० जेष्ठ मसान्तसम्म आम्दानी तर्फ ८०.५७ प्रतिशत प्रगति हांसिल भएको छ भने खर्च तर्फ ५९.२० प्रतिशत प्रगति भएको छ ।

संघ र प्रदेश सरकारबाट पूर्व घोषणा गरिएका वित्तिय समानिकरण र राजश्व बाँडफाँड जस्ता स्थायी प्रकृतिका अनुदानलाई समेत मुलुकको विद्यमान आर्थिक परिस्थितिको कारण आर्थिक वर्षको बिचमा आएर कटौती हुँदा हाम्रो नगरपालिकाको बजेटमा समेत असर पर्दा पर्दै पनि नीतिगत तह र कार्यान्वयन पक्षको समन्वय र सहकार्यबाट बजेटलाई सन्तुलन कायम गर्न सकिएको हाम्रो बुझाई छ ।

चालु आ.व.का लागि स्विकृत कुल ४६३ वटा योजना तथा कार्यक्रमहरु मध्ये ४२२ वटा पूर्वाधारजन्य योजना रहेका छन् । जस अन्तरगत ९० प्रतिशत भन्दा बढी योजनाहरु सम्झौता भई कार्यान्वयनमा आएका छन् भने २०८० जेष्ठ मसान्त सम्म ३१२ वटा योजना तथा कार्यक्रमहरु सम्पन्न भएको परिस्थिति छ ।

योजना तर्जुमा तथा बजेट निर्माण गर्ने क्रममा सकेसम्म आम नगरबासीले अपनत्व बोध गर्ने, कार्यान्वयन गर्न आफै अग्रसर हुने र छिटो प्रतिफल दिने खालका योजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिइएको छ । विषयगत वा क्षेत्रगत दृष्टिकोणले अन्तर समिति बिच संयोजन हुने एवम् खर्च वा कार्यान्वयन गर्न सहज हुने प्रकृतिका योजना तथा कार्यक्रमहरुलाई आगामी बजेटमा समावेश गरिएको छ ।

आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि प्रस्तावित गरिएको कुल बजेट रु. १ अरव २ करोड ८ लाख ६४ हजार ३ सय ६७ रुपैयालाई क्षेत्रगत रुपमा बर्गिकरण गर्दा सामाजिक क्षेत्रमा रु. ४४ करोड २४ लाख २१ हजार अर्थात ४३ प्रतिशत, पूर्वाधार क्षेत्रमा रु. २७ करोड ८१ लाख १८ हजार २६३ अर्थात २७ प्रतिशत, सुशासन तथा संस्थागत विकास क्षेत्रमा रु. १५ करोड ५१ लाख ९९ हजार २५१ अर्थात १५ प्रतिशत, आर्थिक विकास क्षेत्रमा रु. ११ करोड ४ लाख १४ हजार ९२७ अर्थात ११ प्रतिशत र वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा रु. ४ करोड १९ लाख १० हजार ९२६ अर्थात ४ प्रतिशत बिनियोजन गरिएको छ ।

अब: म आगामी आ.व.२०८०/०८१ को कुल आय र व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमती चाहन्छु । त्यससँग सम्बन्धित बिभिन्न योजना तथा कार्यक्रमहरुको अनुसूचीहरु यसै साथ संलग्न गरिएको छ ।

अन्तमा, बजेट निर्माणको दौरानमा नीतिगत सुझाव, मार्गदर्शन र सक्रिय सहभागिता जनाउनु हुने आदरणीय नगरप्रमुख, सिंगो नगर कार्यपालिका, नगरपालिकाको सल्लाहकार समिति, राजश्व परामर्श समिति, सबै विषयगत समितिहरु, राजनैतिक दल, पत्रकार एवम् संचारकर्मी, नागरिक समाज लगायत सम्पूर्ण आम उपभोक्ता नगरवासीहरुमा धन्यबाद् दिँदै यो बजेट व्यक्तव्य अन्त्य गर्दछु ।

धन्यबाद् ।

प्रतिक्षा गाहा सिंजाली<br>
उप-प्रमुख<br>
तथा<br>
संयोजक<br>
वजेट तर्जुमा समिति